# नागरिक लगानी कोष
# Citizen Investment Trust

Book Post

पोष्ट बक्स नं. :५८२३ टेलिफोन : ४७८५३२५
नयाँ बानेश्वर, काठमाण्डौं फ्याक्स : ४७८४९४५

**प.सं.: ना.ल.कोष २०७५/७६** **मिति : २०७५/०९/१६**

**शेयरधनी श्री ........................**

**विषय :- तेइसौं वार्षिक साधारण सभाको विवरण तथा निर्णय पठाईएको ।**

**महोदय,**

यस कोषको मिति २०७५ साल पुस ६ गते शुक्रबार बिहान ११:०० बजे बसेको तेइसौं वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि यहाँको जानकारीको लागि यसैसाथ पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

**आज्ञाले,**

**सुमन पौडेल**

सचिव, संचालक समिति

नागरिक लगानी कोषको
विक्रम सम्बत् २०७५ साल पुस ६ गते शुक्रबारका दिन
नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौंमा सम्पन्न भएको

## तेइसौं वार्षिक साधारण सभाको निर्णय

**१. पृष्ठभूमि :**

नागरिक लगानी कोषको तेइसौं वार्षिक साधारण सभा मिति २०७५/९/६ गते शुक्रबार बिहान ११:०० बजे नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौंमा संचालक समितिका अध्यक्ष तथा सभाका सभापति प्रा.डा. रामचन्द्र भट्टराईज्यूको सभापतित्वमा बस्यो । सभामा सभापतिज्यूले वार्षिक प्रतिवेदन तथा विवरणहरु पेश गर्नु भयो । विधिवत कार्यक्रम संचालन भएपछि अपरान्ह १:३० बजे सभा विसर्जन भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७५ साल पुस ६ गते शुक्रबार ।
स्थान : नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौ ।
समय : बिहान ११:०० बजे ।

**३. सभाको सूचना तथा प्रकाशन :**

(अ) मिति २०७५/८/१० गते र मिति २०७५/०९/०३ गतेको गोरखापत्र दैनिकमा तेइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिएको थियो । साथै २०७५/८/१० गते नै कोषको वेभसाईटमा समेत उक्त सूचना सार्वजनिक गरिएको थियो ।

(आ) तेइसौं वार्षिक साधारण सभाको सूचना, वासलात तथा नाफा नोक्सान हिसाव सहितको वार्षिक प्रतिवेदन सबै शेयरधनीहरुलाई उपलब्ध गराईएको थियो । उक्त प्रतिवेदनको विद्युतीय प्रति कोषको वेभसाईटमा मिति २०७५/८/२९ गते देखि नै प्रकाशित गरिएको थियो ।

**४. उपस्थिति :**

**(अ) संचालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | प्रा.डा. रामचन्द्र भट्टराई | अध्यक्ष | बुढानिलकण्ठ-१०, काठमाण्डौं |
| २. | डा. राम शरण खरेल | सदस्य | निर्देशक,<br>नेपाल राष्ट्र बैंक,<br>हाल नेपाल सरकार,<br>अर्थ मन्त्रालय, |

| | | | |
|---|---|---|---|
| | | | सिंहदरबार, काठमाण्डौं । |
| ३. | श्री कवि प्रसाद पाठक | सदस्य | प्रशासक,<br>राष्ट्रिय बीमा संस्थान<br>रामशाहपथ, काठमाण्डौं । |
| ४. | श्री चन्द्र सिंह साउद | सदस्य | प्रमुख कार्यकारी अधिकृत,<br>नेपाल स्टक एक्सचेन्ज लि.,<br>रामशाहपथ, काठमाण्डौं । |
| ५. | श्री कमलेश कुमार अग्रवाल | सदस्य | प्रतिनिधि,<br>नेपाल लाइफ इन्स्योरेन्स कं. लि.,<br>हेरिटेज प्लाजा, काठमाण्डौं । |
| ६. | श्री अशोक बुढाथोकी | सदस्य | सर्वसाधारण शेयरधनी समूह,<br>खुमलटार -१४, ललितपुर |
| ७. | श्री रमण नेपाल | सदस्य | कार्यकारी निर्देशक,<br>नागरिक लगानी कोष,<br>नयाँ बानेश्वर, काठमाण्डौं । |

**(आ) पदाधिकारीको उपस्थिति :**

१. श्री सुशील कुमार अर्याल - मुख्य व्यवस्थापक, नागरिक लगानी कोष

२. श्री शोभा (श्रेष्ठ) सुवेदी - का.मु. व्यवस्थापक, नागरिक लगानी कोष

३. श्री हेमन्त पोखरेल - का.मु. व्यवस्थापक, नागरिक लगानी कोष

४. श्री सुमन पौडेल - संचालक समितिको सचिव, नागरिक लगानी कोष

**(इ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| | कुल शेयर तथा शेयरधनी संख्या | स्वयं उपस्थिति | प्रतिनिधिद्वारा उपस्थिति | जम्मा उपस्थिति | उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| कोषको शेयर कित्ता | ९०,३१,२३१.४४ | १,०२,७२८ | ६६,९०,५१७ | ६७,९३,२४५ | ७५.२२% |
| कोषको शेयरधनी | ७,५५६ | ३१६ | ८ | ३२४ | ४.२९% |

**सभामा छलफल भएका विषयहरु र पारित प्रस्तावहरुको विवरण देहाय अनुसार छन् ।**

## ५. छलफलका विषयहरु :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात र आ.व.२०७३।७४ को नाफा/नोक्सान हिसाब बारे ।

(३) कोषको आर्थिक वर्ष २०७३।७४ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्टयाइएको प्रस्तावित २२.०६ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने बारे ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी तथा संचालकको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने बारे ।

(५) विविध ।

## ६. सभाको वैधानिकता :

सर्वप्रथम कोषको संचालक समितिका सचिवले सभामा उपस्थित संचालकको परिचय दिनुहुँदै संचालक समिति र कोषको परिवारको तर्फबाट सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो । कोषको तेइसौं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईज्यूले गर्नु भएको थियो । नागरिक लगानी कोष ऐन, २०४७ को दफा २१ बमोजिम सभा बोलाईएको र सो ऐन अनुसार सभाको निर्दिष्ट गणपुरक संख्या माथि उल्लेख भए बमोजिमको पर्याप्त भएको हुँदा शेयरधनीहरुसँग साधारणसभा प्रारम्भ गर्न अनुमति लिँदै सभा सम्बन्धी विषय सूची अनुसार प्रस्तावहरुका विषयमा छलफल हुने जानकारी गराउँदै अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरिदिन अनुरोध गर्नुभयो । अध्यक्षज्यूले वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि सभामा निम्न लिखित शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन माथि आ-आफ्नो सुझाव तथा मन्तव्य राख्नुभयो ।

| | | | |
|---|---|---|---|
| १. | श्री कृष्णप्रसाद अधिकारी | २. | श्री अमृतनाथ रेग्मी |
| ३. | श्री डमरु बल्लभ घिमिरे | ४. | श्री मेजर कुवेर श्रेष्ठ |
| ५. | श्री शिव प्रसाद पौडेल | ६. | श्री उद्धव प्रसाद घिमिरे |
| ७. | श्री इन्द्र कृष्ण श्रेष्ठ | ८. | श्री जयेन्द्र मान सिंह बाँनिया |
| ९. | श्री गुणराज भट्ट | १०. | श्री शिव प्रसाद शर्मा |
| ११. | श्री लवराज जोशी | १२. | श्री रोज कुमार श्रेष्ठ |
| १३. | श्री रामगोपाल महर्जन | १४. | श्री बैजनाथ रौनियार |
| १५. | श्री महेन्द्र बहादुर श्रेष्ठ | १६. | श्री नरसिंह लाल चखुँ |
| १७. | श्री सुवास चन्द्र शिवाकोटी | | |

**शेयरधनी महानुभावहरुको मन्तव्य र विचार :**

**१. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)**

- सर्वप्रथम कोषले शेयरधनीहरूलाई प्रदान गरेको बोनश शेयर तथा नगद लाभांशका लागि धेरै धेरै धन्यवाद ।
- कोषले १४ बैंकमा खाता खोलेको र ४० खाताबाट कारोबार गरेकोले बैंक विवरण र कोषको रकम मिलान भएको छैन ।
- कोषको संचालक सदस्य बारम्बार परिवर्तन भइरहेकोमा कार्यकारी प्रमुख बढी जिम्मेवार भई काम गर्नुपर्ने हुन्छ । यसैगरी सर्वसाधारण शेयरधनीतर्फबाट नियुक्त संचालक बढी जिम्मेवार हुनुपर्ने देखेको छु ।
- अर्धवार्षिक रूपमा कोषका शेयरधनी सदस्यहरूसंग अन्तरक्रिया गर्नुहुन अनुरोध छ ।
- देशको पुञ्जीबजार विकासको लागि कोषले स्टक डिलरको कार्य यथाशिघ्र गर्नु जरूरी छ ।
- विपद्बाट बच्न २०० कि.मि. भन्दा टाढा रिकभरी (Recovery) केन्द्र राख्ने व्यवस्था गर्न सुझाव दिन चाहन्छु ।
- कोषका कर्मचारीहरूलाई समानुपातिक ढंगबाट तालिम तथा अन्य क्षमता अभिवृद्धिको कार्यक्रमहरूमा सहभागी गराउनुहुन अनुरोध छ ।

**२. श्री अमृतनाथ रेग्मी**

- प्रतिवेदनले लेखापरीक्षकको प्रतिवेदनलाई वेवास्ता गरेको छ । लेखापरीक्षकले देखाएको कमजोरीहरूलाई सम्बोधन गरिदिन आग्रह गर्दछु ।

- साधारण सभा अत्यन्तै ढिला भएको छ । अडिटरको संख्या बढाई नियमित रूपमा AGM गर्नुपर्यो ।
- कोषको प्रतिवेदनमा आफ्नो बारेमा बढी बोल्नु राम्रो पक्ष हो । यसका लागि बधाई दिन चाहन्छु ।
- संचालकहरूको High Turnover लाई consistent बनाउनु जरूरी छ ।
- कोषले एउटा regular wing र अर्को एक development wing बनाएर अगाडि बढ्न अनुरोध छ ।
- कोषले प्रदेश अनुरूप ७ वटा प्रादेशिक शाखा खोली Growth तिर जानुपर्दछ ।
- कोषको प्रस्तावित भवन यथाशिघ्र निर्माण गर्नुपर्यो ।
- कर्मचारीहरूलाई पनि राम्रो सुविधा प्रदान गरी motivation गर्नुपर्दछ ।
- यही आर्थिक वर्षभित्र नै अर्को वित्तीय विवरण हेर्न पाइयोस् भनी कामना गर्दछु ।
- संचालक समितिको बैठक भत्ता साह्रै नै थोरै भयो, बैठक भत्ता बढाउन साधारण सभाले प्रस्ताव गरेको छ, नेपाल सरकार, अर्थ मन्त्रालयलाई अनुरोध गर्नु पर्‍यो ।

## ३. श्री डमरु बल्लभ घिमिरे

- संचालक सदस्यहरूको छिटो छिटो परिवर्तन भइरहँदा जिम्मेवारीबोध कम भयो र हामी शेयरधनी नयाँ भयौं ।
- साधारण सभा ढिला हुँदा हामी शेयरधनीहरूले निकै घाटा व्यहोर्नु परिरहेको छ । अर्को साधारण सभा यथाशिघ्र सम्पन्न गर्नको लागि प्रतिवद्धता व्यक्त गरेको सुन्न पाउँ।
- हामीले कोषका हरेक क्रियाकलाप हेरिरहेका हुन्छौं । बोनश शेयर डिम्याट खातामा आउन ढिला नगर्नुहुन अनुरोध गर्दछु ।
- साधारण सभा संचालन गरेको हल निकै सानो भयो । आगामी दिनमा यसको राम्रो व्यवस्था गर्नको लागि सुझाव दिन चाहन्छु ।
- संस्थाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

## ४. श्री मेजर कुवेर श्रेष्ठ

- आगामी साधारण सभा संचालन गर्ने समय सीमा पनि हामीलाई जानकारी दिनुहुन अनुरोध छ ।
- सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित संचालक सदस्यको आवाज बुलन्द हुनुपर्यो ।
- सर्वसाधारणहरूबाट संकलित बचत रकमलाई सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्ने कार्यमा निकै जिम्मेवार तथा सचेत हुनको लागि विशेष अनुरोध छ ।
- अहिले पाएको बोनश अघिल्लो वर्ष नै पाएको भए थप लाभ हासिल गरिसक्ने थियौं ।
- महालेखा परीक्षकले देखाएको कमी कमजोरीलाई राम्ररी ध्यान दिई सुधार गर्नुपर्यो ।
- कोषले खर्च घटाउने उपायहरू (Cost cutting method) अपनाई नाफा अझै बढाउनुपर्यो ।

## ५. श्री शिव प्रसाद पौडेल

- कर्मचारीहरूलाई समय अनुसारको तालिमको व्यवस्था हुनुपर्यो ।
- कोषमा कार्यरत ज्यालादारी तथा करारका कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्दछ ।
- कोषको लगानी वित्तीय संस्थामा केन्द्रीत हुनुको साटो उत्पादनशिल क्षेत्रमा जानुपर्यो ।
- अर्को साधारण सभा समयमै गर्न ध्यानाकर्षण गर्न चाहन्छु ।

## ६. श्री उद्धब प्रसाद घिमिरे

- कोषले आफ्नो नीतिमा पनि सुधार गर्नुपर्दछ, साथै आफ्नो कार्यक्षमता पनि बढाउनु पर्दछ । केन्द्रीय सरकार, प्रादेशिक सरकार अनुसार नै Network बढाउदै लग्नुपर्दछ ।
- CIT Complex कहिले सम्पन्न हुन्छ  जति सक्दो चाँडो यस सम्बन्धी कार्यहरू अगाडि बढोस् भन्ने कामना गर्दछु ।
- संस्थाले राम्रो कार्यकारी निर्देशक तथा संचालक सदस्यहरू पाएको छ, आगामी दिनमा कोषको प्रगतिको लागि थप आशावादी छौं ।
- कोषको लेखा NFRS अन्तर्गतको Format को भएन । राष्ट्र बैंकले दिएको निर्देशन अनुसार Accounting हुनुपर्यो ।
- रिकन्सीलिएसनमा सुधार गरी यथाशिघ्र हिसाव मिलाउनु अति जरूरी देखेको छु ।
- स्टक डिलरको रूपमा गर्न लागेको कामको तथ्य सत्य के हो, हामीलाई जानकारी दिनुहोला ।
- उठाउन बाक्की कोषका ण लगानीको असुलीका लागि के गरिरहनुभएको छ, जानकारी चाहियो ।
- कोषको EPS एकदमै राम्रो छ, भविष्य उज्ज्वल छ । सोचविचारका साथ Policy Level बाट नै सुधार गर्दै जानुहुन अनुरोध छ ।

## ७. श्री इन्द्र कृष्ण श्रेष्ठ

- प्रतिवेदनमा उल्लेख भए बमोजिमको कोषको लगानी सम्वन्धी लक्ष्य पूरा नहुनुमा कारण के हो, स्पष्ट पारिदिनुहोला ।
- NAC को जहाज खरीदको अनियमितताको लागि कोष संचालक समिति चनाखो हुनुपर्यो ।
- कोषको साधारण सभा हरेक वर्ष तोकिएको समय भित्र नै हुनु पऱ्यो ।
- प्रतिवेदनमा उल्लेख गरिएको नमिलेको हिसाव सम्वन्धमा प्रकाश पारिदिनुहोला ।

## ८. श्री जयेन्द्र मान सिंह बाँनिया

- संचालक समितिको प्रतिवेदन र महालेखा परीक्षकको रिपोर्ट बीच धेरै भिन्नता छ ।
- लगानी विभागले देखाएको र योजना विभागले लक्षित गरेको लगानी रकममा फरक पर्नुको कारण प्रष्ट पारिदिनुहुन अनुरोध छ ।

- शेयरबजारलाई Consistent राख्न स्टक डिलरको कार्य गर्ने क्षमता भएको संस्था भएकोले कोषले व्यवस्थापनलाई पनि निकै चुस्त राख्नुपर्दछ ।
- Capital adequacy, sources of fund, liquidity तथा अन्य सूचकहरूको राम्रो सुपरिवेक्षण हुनुपर्यो ।
- संचालक समितिमा नियुक्त भई आउने व्यक्तिहरूको पदावधि Fixed हुनुपर्यो ।
- कोषको सम्पत्तिको व्यवस्थित परिचालन हुनुपर्यो ।
- सबै प्रदेशमा कोषको शाखा कार्यालय स्थापना हुनुपर्यो ।

९. **श्री गुणराज भँ**

- कोष सधै नाफामा संचालन भइरहेको संस्था हो । एक सुरक्षित तथा राम्रो प्रतिफल प्रदान गर्ने संस्थाको रूपमा सहभागीहरूले आफ्नो बचत जम्मा गर्दै आएका छन् । तर त्यही हिसाबमा संकलित रकमहरूको व्यवस्थापन हुन सकेको छैन ।
- महालेखा परीक्षकले औंल्याएका गम्भिर टिप्पणीहरूको जवाफ प्रतिवेदनमा प्रष्ट उल्लेख गरिदिएको भए राम्रो हुन्थ्यो ।
- सेवाग्राहीहरूको सेवा सुविधामा अभिवृद्धि गर्नुपर्यो ।
- कर्मचारीहरूको कार्य सम्पादनस्तर अनुसारको सुविधा थप गर्नुपर्दछ ।
- बोनश शेयरको लागि धेरै धेरै धन्यवाद ।
- योगदानमा आधारीत पेन्सन कोष यस संस्थाले संचालन गर्नको लागि पहल गर्नुपर्यो ।

१०. **श्री शिव प्रसाद शर्मा**

- यति अवधिभित्र यो यो गर्ने भनेर प्रतिवेदनमा उल्लेख गरेको पाइएन ।
- राम्ररी विश्लेषण गरेर मात्र लगानीमा अगाडि बढ्नुपर्ने देखेको छु ।
- समस्याग्रस्त रकम असुलीका लागि के के कार्यहरू भइरहेको छ, जानकारी पाउ□।
- कोषको आगामी लक्ष्यहरूको बारेका पनि जानकारी प्रदान गर्न अनुरोध गर्दछु ।
- साधारण सभा ढिला भएकोमा आगामी दिनमा यसमा सुधार गर्न सुझाव दिन चाहन्छु ।
- कोषको भावी योजनाहरू के छ, त्यो पनि जानकारी पाउन चाहन्छु ।

११. **श्री लवराज जोशी**

- लेखापरीक्षकले औंल्याएका त्रुटीहरूलाई कसरी सच्याउने, त्यसको लागि गम्भिरतापूर्वक कार्य गरिहाल्नु जरूरी छ ।
- अरबौंको बेरूजुको दायीत्व कसले लिने, सो पनि प्रष्ट पारिदिनुहोला ।
- कोषको सफ्टवेयरको Issues को यथाशिघ्र समाधान खोज्नुपर्यो ।
- हामीले औंल्याएका सुझाव, कमी तथा कमजोरीहरूलाई गम्भिरतापूर्वक लिई अगाडि बढ्नको लागि अनुरोध गर्दछु ।
- संस्थाले आफ्नो सुशासनलाई कायम गर्नुपर्यो ।

१२. **श्री रोजकुमार श्रेष्ठ**

- कोषले हिसाब मिलानमा वेवास्ता गरेको पाइयो । कोषको रिकन्सिलेसन कार्य अद्यावधिक गर्न नसक्नुमा के कारण छ, प्रष्ट पारिदिन अनुरोध छ ।
- संचालक समितिका सदस्यहरूको छिटो छिटो परिवर्तन भइरहदा संचालक समिति एक railway station को platform जस्तो भयो ।
- सफ्टवेयरमा गरिएको entry र reverse को हालको प्रक्रिया अव्यवहारिक छ, यसको उचित व्यवस्थापन गर्नुपर्यो ।
- आगामी साधारण सभा अबको ३ महिना भित्र गर्नको लागि प्रतिवद्धता दिनुपर्यो ।

१३. **श्री रामगोपाल महर्जन**

- संकटग्रस्त संस्थाहरूको बारेमा Detail जानकारी प्रदान गर्नुहुन अनुरोध छ ।
- कर्मचारीहरूलाई समयसापेक्ष सुविधा, तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि निरन्तर रूपमा गरिरहनुपर्दछ ।
- स्टक डिलरको कार्य तुरून्तै गर्नको लागि अनुरोध छ ।
- शेयरधनीहरूको Holding Share मा भिन्नता देखिएको छ । त्यसलाई व्यवस्थापन गर्नुपर्यो ।
- संस्थाको भविष्य राम्रो छ, समय अनुसारको काम गर्न अनुरोध छ ।

१४. **श्री बैजनाथ रौनियार**

- सर्वप्रथम २२.०६ प्रतिशत बोनश शेयरको लागि धेरै धेरै धन्यवाद ।
- महालेखा परीक्षकले औंल्याएको कुरामा जवाफ पाइएन ।
- कुनै कुनै संकटग्रस्त संस्थाको व्याज मुल्तवीमा रहेको भनिएकोमा थप पुष्ट्याई चाहन्छु ।
- अर्को साधारण सभा छिटो गर्ने प्रतिवद्धता चाहियो ।
- भवन निर्माण कुन ठाउमा हो, उल्लेख गर्नुपर्यो ।
- प्रतिवेदनको Cover page मा देखिएको कोषको प्रस्तावित भवन निकै सुन्दर छ, यसको निर्माण यथाशिघ्र गर्नुपर्यो ।
- कोष कर्मचारीहरूको बोनशको रकम यथोचित अर्थात् कम्तीमा खुद नाफाको १० प्रतिशत हुनुपर्यो ।

१५. **श्री महेन्द्र बहादुर श्रेष्ठ**

- कोषको Fund Management राम्रो भएन । संकलित रकमलाई उचित व्यवस्थापन गर्न सकिएन भने पछि ठूलो समस्या आउन सक्दछ, यसमा कोष संवेदनशील भएर अगाडि बढ्नुपर्ने महसुस गरेको छु ।
- संचालन समितिको स्थायित्व अपरिहार्य छ ।

- कोषका समस्याहरूको समाधान तुरून्तै हुन सकेन भने कोषले आगामि दिनमा निकै घाटा बेहोर्नुपर्ने हुन सक्छ ।
- हामीले आगामी दिनमा अझ राम्रो बोनश शेयरको अपेक्षा गरेका छौं ।

**१६. श्री नरसिंहलाल चखू**

- Balance Sheet को performance मा सुधार गर्नुपर्ने देखिन्छ ।
- Stock Dividend को लागि लगानीकर्ताहरूको तर्फबाट कोषलाई धेरै धेरै धन्यवाद ।
- संस्थाले Managemtnt Information System मा व्यवहारिक रूपले धेरै हदसम्म सुधार गर्नुपर्ने देखिन्छ ।
- प्रतिवेदनमा लेखा परीक्षकले उठाएका ४.१ देखि ४.२७ सम्मका कैफियतका विषयमा कोषले सुधार गर्नुपर्दछ । यसले कोषको goodwill तथा image मा फरक पर्न सक्छ ।
- व्यवस्थापन कार्यक्षमता बढाई संस्थाको सुधारमा जोड दिनु पर्दछ ।
- Risk Factor प्रति कोष व्यवस्थापन सचेत हुन सकेन ।
- Future policy, plan, strategy प्रति व्यवस्थापन, संचालक समिति सजग भई अगाडि बढ्नुपर्दछ भन्ने लाग्दछ ।
- संस्थाको प्रगतिको लागि धेरै धेरै शुभकामना दिन चाहन्छु ।

**१७. श्री सुवास चन्द्र शिवाकोटी (नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि)**

- कोषले लगानी गर्दा विश्लेषण हुदैन भन्ने कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ । यस्तो प्रकारका विषयहरूमा संचालक समितिबाट कोष व्यवस्थापनलाई निर्देशन होस् भन्ने चाहन्छु ।
- प्रतिवेदनमा ठाउँ ठाउँमा पदाधिकारीको जिम्मेवारी उल्लेख गरिएको छ । हिसाव दुरूस्त नराखिएको पदाधिकारीको लापरवाहीले हो भन्ने कुरा प्रतिवेदनमा लेखिएको छ । त्यस्तो पदाधिकारीलाई कारवाही गर्नुपर्दछ भन्ने हाम्रो धारणा छ ।
- Operating fund र Non operating fund आजसम्म स्थापना भएको छैन । यसरी संस्थाले कसरी अगाडि बढ्न सक्छ, यस विषयलाई गम्भिरतापूर्वक लिइनु पर्दछ ।
- सम्पत्तिको भौतिक परीक्षण दुरूस्त गर्नुपर्दछ ।

**अध्यक्ष डा. रामचन्द्र भैं राईज्यूको जवाफ :**

आदरणीय शेयरधनी महानुभावहरू, यहाँहरूबाट प्राप्त सुझाव तथा जिज्ञासाहरूलाई बुंदागत रूपमा राख्दछु ।

- यहाँहरूको सुझाव अत्यन्त मननीय छन् । हामीले त्यसलाई धैर्यतापूर्वक सुनेर टिपेका छौं ।
- महालेखा परीक्षकले ७२ बुँदे सुझाव दिएका छन् । त्यसमा हामीले प्रत्येक महिना छलफल गरेका छौं । त्यस सम्बन्धमा के कति प्रगति भयो र कार्यहरू कसरी अगाडि बढिरहेका छन्, हामी सबै हेरिरहेका छौं ।
- यस बीचमा रू.१ अर्ब ५३ करोडको हिसाब मिलान भइसकेको छ ।

- ऋण असुलीको सन्दर्भमा ६२ प्रतिशत असुली भइसकेको छ । बाँकी रकम पनि उठाउनको लागि निरन्तर प्रयास भइरहेको छ ।
- कोषको अन्तरशाखा हिसाब मिलान पनि जम्मा रू.६ करोड मात्र बाँकी रहेको जानकारी दिन चाहन्छु ।
- शेयरको सम्बन्धमा पनि सबै कुराहरू अद्यावधिक भइसकेका छन् ।
- नेपाल राष्ट्र बैंक संगको हिसाब पनि फरफारक भइसकेको छ ।
- यहाँहरूलाई प्रदान गरिएको बोनश शेयर यथाशिघ्र यहाँहरूको खातामा आउने व्यवस्था हामी मिलाइरहेका छौं ।
- सातवटै प्रदेशमा शाखा कार्यालय खोल्नुपर्ने यहाँहरूको सुझावको सम्बन्धमा एकै पटक सबै प्रदेशमा शाखा कार्यालय खोल्न नसकिए पनि क्रमश: हामी शाखा कार्यालय खोल्दै जाने छौं र यो हाम्रो वार्षिक योजनामा पनि परेको छ ।
- वार्षिक प्रतिवेदनको format मा पनि हामी सुधार गर्ने छौं ।
- कोषको लगानी नीतिमा पनि हामीले निकै परिवर्तन गरेका छौं । कुन क्षेत्रमा कति लगानी गर्ने भनेर लगानी नीतिमा नै उल्लेख गरिएको छ र त्यही अनुसार लगानी गरिन्छ ।
- आर्थिक वर्ष २०७५।७६ को लेखा परीक्षण प्रतिवेदन आउँदा यहाँहरूले अब यस्ता कुराहरू उठाउने मौका कम पाउनुहुनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

<u>**संचालक सदस्य डा.राम शरण खरेलज्यूको जवाफ :**</u>

- शेयरधनी सदस्यहरूले आज यस साधारण सभामा राख्नुभएको कुराहरू निकै नै सान्दर्भिक छन् । यहाँहरूले दिनुभएको सुझाव तथा मार्गदर्शन कोषका लागि निकै नै महत्वपूर्ण रहेको छ ।
- यस प्रतिवेदनमा उल्लेख गरिएका टिप्पणीहरू महालेखा परीक्षकले अघिल्लो वर्ष गरेको टिप्पणीहरू हुन् र यसको सेरोफेरोमा बसेर यहाँहरूले Comment गर्नुभयो । यस प्रतिवेदन हेर्दा हामी पनि निकै गम्भिर भयौं । यसलाई यथास्थितिमा सुधार गर्न सकिदैन भनेर हामी कोषको संरचनात्मक परिवर्तनमा पनि लाग्यौं । यहि क्रममा नयाँ कार्यकारी र अध्यक्षज्यूको पनि आगमन भएको छ ।
- हाम्रो अहिलेको team विगतमा भएको कुराहरूको पूर्ण रूपमा जिम्मेवारी लिन्छ र आगामी दिनमा सुधारका लागि पूर्ण रूपमा कार्यान्वयन गर्ने तिर नै लाग्दछ ।
- हामीले महालेखा परीक्षकको कार्यालयमा गएर छलफल पनि गरेका छौं । अबको वार्षिक प्रतिवेदनमा अहिलेका कमी कमजोरी तथा टिका टिप्पणी नहुनका लागि हामीले सुधार गर्नुपर्ने कुराहरूको विस्तृत विवरण उहाँहरूसंग मागेका छौं र यसलाई हामी Master plan को रूपमा अगाडि बढाउने छौं । आर्थिक वर्ष २०७४।७५ को प्रतिवेदन धेरै नै सुधारिएर आउँछ र त्यस पछिका प्रतिवेदनहरू Clean भएर आउने कुरामा यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

<u>**कार्यकारी निर्देशक श्री रमण नेपालज्यूको जवाफ :**</u>

- शेयरधनीहरूको अमुल्य सुझाव तथा मार्गदर्शनका लागि धेरै धेरै धन्यवाद ।

- कोषलाई थप उत्कृष्ट बनाउने अभिप्रायले नै हामी कोषमा आएका हौं ।
- लेखा परीक्षकहरूले उठाएका धेरै कुराहरूमा हामीले सुधार गरिसकेका छौं ।
- आगामी साधारण सभा हाम्रो योजना अनुसार २०७५ चैत्र मसान्त भित्र गर्ने हाम्रो प्रतिवद्धता छ ।
- २०७५□७६ को साधारण सभा तोकिएको समयमै सम्पन्न गर्नको लागि हामी प्रतिवद्ध छौं ।
- भवन निर्माण गर्ने कार्यमा हामीसंग प्राविधिक ज्ञान कम हुने भएकोले सरकारी संस्थालाई जिम्मा दिने भएका छौं ।
- हाल कोषको लेखापरीक्षण कार्य ३ बटा लेखापरीक्षकहरूबाट भइरहेको छ ।
- अर्को साधारण सभामा प्रस्तुत गरिने वार्षिक प्रतिवेदनमा चार्ट, ग्राफ सहितका अन्य बढी जानकारीहरू समावेश गर्ने नै छौं ।
- नेपाल वायुसेवा निगमलाई प्रवाह गरिएको कर्जाको समयमा नै व्याज असुली गर्ने नै छौं । कुनै कारणले default भयो भने जहाजको धितो लिएका छौं र साथै हामीसंग सो □णका लागि नेपाल सरकारबाट पनि जमानत प्राप्त भएको छ ।
- कोषको Profitability बढ्दै जानेमा विश्वस्त पार्न चाहन्छु ।
- सफ्टवेयरको सन्दर्भमा नया□ सफ्टवेयरका लागि सम्झौता भइसकेको छ । हाम्रो सेवाग्राही जहाँसुकै भए पनि आफ्नो स्थलबाट सबै जानकारी प्राप्त गर्न सक्ने गरी सफ्टवेयर Design गर्नका लागि हामीले Deal गरेको छौं ।
- स्टक डिलरको कार्य गर्नका लागि सहायक कम्पनी स्थापना गर्न लागेका छौं ।
- अहिले उपयुक्त समय भएकोले बजारका राम्रा शेयरहरू खरीद गरिरहेका छौं । शेयरहरू खरीद गरी हामीसंग केही Stock जम्मा गरेर Inventory तयार गरी उचित विश्लेषणका आधारमा विक्रि गर्ने ढंगले कार्य गरिरहेका छौं ।
- सबै शेयरहरू डिम्याट भइसकेकोले अब शेयर संख्यामा फरक देखिएको छैन ।

**सभाको निर्णय :**

(१) संचालक समितिको तर्फबाट कोषका अध्यक्ष प्रा. डा. रामचन्द्र भट्टराईज्यूले प्रस्तुत गर्नु भएको कोषको आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल असार मसान्तको वासलात र आर्थिक वर्ष २०७३।७४ को नाफा/नोक्सान हिसाब विवरण माथि सभामा छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

(३) कोषको आर्थिक वर्ष २०७३।७४ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्टयाइएको प्रस्तावित २२.०६ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी तथा संचालकको तर्फबाट प्रतिनिधि नियुक्त गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

## सभा विसर्जन

अन्त्यमा, धैर्यतापूर्वक आफ्ना भनाई तथा सुझाव राखिदिनु भएको र हामीलाई अगाडि बढ्न दिशा निर्दिष्ट गरी हौसला दिनुभएकोमा यसलाई आत्मसात गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरु, कर्मचारी साथीहरु, विभिन्न संघ संस्थाबाट पाल्नुभएका प्रतिनिधिहरु, संचालक समितिका सहकर्मी साथीहरु तथा पत्रकार बन्धुहरुलाई हार्दिक धन्यवाद दिंदै अपरान्ह १:३० बजे कोषका अध्यक्ष प्रा.डा. रामचन्द्र भट्टराईज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

द.
(प्रा.डा. रामचन्द्र भट्टराई)
अध्यक्ष

द.
(श्री अशोक बुढाथोकी)
संचालक समितिका प्रतिनिधि

द.
(श्री डमरु बल्लभ घिमिरे)
सर्वसाधारण शेयरधनी प्रतिनिधि

द.
(श्री शिव प्रसाद पौडेल)
सर्वसाधारण शेयरधनी प्रतिनिधि

द.
(श्री सुमन पौडेल)
सचिव, संचालक समिति

**मिति : २०७५/९/१६ गते**